# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
मितिः २६ सितम्बर २०२५
समयः १८:५० - १६:०० बजे

## मुख्य समाचार

- केन्द्रीय गृहमन्त्री तथा वरिष्ठ भाजपा नेता अमित शाहले आज पश्चिम बंगालमा परिवर्तनको आह्वान गर्नुभयो।
- दार्जीलिङका सांसद राजु बिष्टले भारत सरकारले दार्जिलिङ जिल्लालाई प्रधानमन्त्री धनधान्य कृषि योजना (PMDDKY) अन्तर्गत १०० कृषि आकांक्षी जिल्लाहरूमाझ, छ वर्षका लागि चुनेको जानकारी गराउनु भएको छ।
- दार्जिलिङमा आज भारतको पहिलो तथा ऐतिहासिक महिला प्लगिङ च्याम्पियनसिप आयोजना भएको छ।
- जी टी ए ले पहाडका चार वटा फौलाई नपाएका चिया बगानका श्रमिकहरूलाई आज जिटिए रिलिफ फन्ड मार्फत सहयोग रकम प्रदान गरेको छ।
- खरसाङको गौरी शंकर चियाबारी अन्तर्गत डाँडा गाउँमा आगलागीम एक घर जलेर नष्ट भएको जानकारी प्राप्त भएको छ।

## अमित शाह कलकत्ता भ्रमण
केन्द्रीय गृहमन्त्री तथा वरिष्ठ भाजपा नेता अमित शाहले आज पश्चिम बंगालमा परिवर्तनको आह्वान गर्नुभयो। कोलकाताको सन्तोष मित्र स्क्वायरमा रहेको दुर्गा पूजा पण्डालमा उहाँले पश्चिम बंगालका जनतालाई सुरक्षित, शान्त र समृद्ध राज्य निर्माण गर्न आग्रह गर्नुभयो। दुर्गा पूजा पण्डालले लेजर शो मार्फत 'अपरेसन सिन्दूर' को थीम प्रदर्शन गरेको छ। श्री अमित शाह दुर्गा पूजा उत्सवको उद्घाटन गर्न त्यहाँ जानुभएको हो। आफ्नो भाषणमा, उहाँले राज्यको भविष्यको बारेमा बोल्दै कवि रवीन्द्रनाथ टैगोरलाई स्मरण गर्नुभयो। गृहमन्त्रीले यस सप्ताहको सुरुमा कोलकातामा वर्षासँग सम्बन्धित घटनाहरूमा विद्युतीय करेन्ट लागेर मृत्यु भएकाहरूप्रति समवेदना व्यक्त गर्नुभयो।नवरात्रीको अवसरमा शाहको भ्रमणलाई विशेष महत्त्वपूर्ण मानिएको छ। भाजपा नेताहरूले विश्वास व्यक्त गरेका छन् की नवरात्रीको यस शुभ अवसरमा शाहको कालीघाट मन्दिरको भ्रमण धार्मिक भावनासँग मात्र जोडिएको छैन तर बंगालको सांस्कृतिक सम्पदाको सम्मानको सन्देश पनि हो।

## सांसद राजु बिष्टको प्रेस विज्ञप्ति
दार्जीलिङका सांसद राजु बिष्टले आज एक प्रेस बिज्ञप्ति जारी गर्दै भारत सरकारले दार्जिलिङ जिल्लालाई प्रधानमन्त्री धनधान्य कृषि योजना (PMDDKY) अन्तर्गत १०० कृषि आकांक्षी जिल्लाहरूमाझ छः वर्षका लागि चुनेको जानकारी गराउनु भएको छ। उहाँले यस अवसरमा हर्ष प्रकट गर्दै कृषि एवम् किसान कल्याण र ग्रामीण विकास मन्त्री श्री शिवराज सिंह चौहानले आफुलाई यस उपलब्धि बारे जानकारी गराएको बिज्ञप्तिमा उल्लेख गर्नु भएको छ। श्री बिष्टले कृषिगत उत्कृष्टताका लागि अत्यन्त सम्भाव्यता भएको जिल्ला भए तापनि पश्चिम बङ्गाल सरकारद्वारा कृषिको क्षेत्रमा लगातार बेवास्ताका कारण क्षेत्रका किसानहरू आफ्नो उत्पादकता बढ़ाउन, र आफ्ना उत्पादहरूलाई अन्तर्राष्ट्रीय बजारमा पुऱ्याउनका लागि संघर्ष गरिरहेको बताउनु भयो।PMDDKY को लक्ष्य कृषि उत्पादकता बढ़ाउनु, बाली विविधिकरण र दीगो कृषि अभ्यासहरूलाई बढ़्दो रूपमा अपनाउनु, पञ्चायत र ब्लक स्तरमा बाली हुलेपछि भण्डारणको व्यवस्थामा वृद्धि गर्नु, सिँचाई सुविधाहरूमा सुधार गर्नु र दीर्घकालिक अनि अल्पकालिक ऋण उपलब्धता सहजीकरण गर्नु हो।

## महिला प्लगिङ च्याम्पियनसिप
दार्जिलिङमा आज भारतको पहिलो तथा ऐतिहासिक महिला प्लगिङ च्याम्पियनसिप आयोजना भएको छ। युवा उत्सव २०२५ को अवसरमा "मेरो दार्जिलिङ" अभियानले समर्थन गरेको यस प्रतियोगितामा विभिन्न वर्गका १८० भन्दा अधिक महिलाहरुले सहभागी जनाए। यो अद्वितीय प्रतियोगितामा दौडलाई होइन, सङ्कलित फोहोरको तौललाई आधार मानेर विजेता घोषणा गरियो। जसमा नेपाली गर्ल्स हाइ स्कुलकी छात्रा मनिता थामी ६.१७ किलो फोहोरसहित पहिलो हुदै दस हजार सहितको पुरस्कार प्राप्त गरिन। यस्तै ६.०३ किलोग्राम फोहोरसहित रेमिट लेप्चा दोस्रो र ५.६५ किलोग्रामसहित अनुपमा तामाङ तेस्रो हुदै क्रमैले सात हजार तथा पाँच हजारसहितको पुरस्कार हत्याइन सफल भए। यसको साथमा औसतमा प्रत्येक सहभागीले लगभग पाँच किलो फोहोर बोकेका थिए। प्रतियोगितामा सबै उमेर समूहका महिलाहरूको समावेशी सहभागिता देखियो। जसमा १४ वर्षीया सालोनी मोथे सबैभन्दा कान्छी सहभागी रहिन् भने ७७ वर्षीया कुमकुम राई सबैभन्दा वस्यक रूपमा दौडमा सामेल भइन्।दार्जिलिङको मुटु मानिने चौरस्ताबाट शुरु गरिएको ७ किलोमिटर दौड माल रोड, हिमालय जुलोजिकल पार्क (चिडियाखाना), दार्जिलिङ सरकारी महाबिधालय भएर जज बजार, प्रेमसिंह पेट्रोल पम्प हुदै बिग बजार,क्लबसाइड हुदै पुनः चौरास्ता आएर समापन भएको थियो। मेरो दार्जिलिङकी संस्थापक सदस्य कविता लामाले पुस्तौँदेखि हाम्रो महिलाले गर्वका साथ घर सफा गर्दै आएका छन्, आज उनीहरूले त्यही भावना सडकमा देखाएर सफाइ र तन्दुरुस्ती हातेमालो गर्न सक्छन् भन्ने सन्देश दिएको बताए ।

## सुकेपोखरी होम स्टे वेलफेयर एसोसिएसन

देश- बिदेशका मानिसहरुलाई दार्जीलिङ पहाडको प्राकृतिक सुन्दरताबारे परिचय गराउने अनि विशेष गरि पर्यटन सङ्ग सम्बन्धित सरोकारीहरुलाई , जैव बिबिधता , अनि पर्यावरणको संरक्षणको दिशा तर्फ सचेत गराउने उदेश्य राखेर आज सिमाना बजारमा एक बिशेष ट्रेल हाईकिङ को आयोजना गरियो। सुकेपोखरी होम स्टे वेलफेयर एसोसिएसनको आयोजनामा विश्व पर्यटन दिवसको पुर्व सन्ध्यामा यो ट्रेयलको आयोजना गरिएको एसोसिएसनका उपाध्यक्ष प्रदीप गुरुङले जानकारी दिनुभएको छ । उहाँले आजको कार्यक्रम अवधी सहभागीहरुले सिमाना डाडा, जोरपोखरी , सुकेपोखरी , माझी धुरा पार्मेन बस्ती हुँदै लेप्चा जगत पुगेर एक सम्मान कार्यक्रममा टुंगिएको जहाँ सहभागीहरुलाई प्रमाणपत्र प्रदान गरिएको जानकारी दिनुभएको छ।एसोसिएसनका सचिव - अनिल तामांगले पहाड कि रानी दार्जीलिङलाई पर्यटन केन्द्रको रुपमा अझ उत्कृष्ट ढंगमा परिचय गराउने लक्ष्य राखेर आयोजना गरिएको यस ट्रेयल हाईकिङ्गले दार्जीलिङ पहाड घुम्न आउने पर्यटकहरुलाई साहसिक बिशेषताको अनुभुती गराउने तथा आगामी दिनहरुमा पहाडप्रति अझ आकर्षित गर्ने आशा राखिएको बताउनु भएको छ।

## दार्जीलिङ

पटेकाबाट वातावरण र जनावरलाई हुने असरबारे जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। दार्जीलिङको सेन्ट माइकल हायर सेकेन्डरी स्कूल कक्षा ९ देखि १२ का विद्यार्थीहरुलाई लक्षित गरी "पटेकाबाट वातावरण र जनावरलाई पर्ने हानिकारक असर" सम्बन्धी सम्पन्न जनचेतनामूलक कार्यक्रम दार्जीलिङ पशु संरक्षण संस्था (डीएसपीसीए) तथा प्राणी सम्पदा विकास विभाग, दार्जीलिङको संयोजनमा, उन्नती फाउण्डेशन दार्जीलिङको सहकार्यमा आयोजना गरिएको थियो। कार्यक्रममा पेमा तामाङले परिचय प्रस्तुत गरेका थिए भने डा. समीर क्षेत्री (सहायक निर्देशक, प्राणी सम्पदा विकास विभाग)- ले मुख्य वक्ताको रुपमा सम्बोधन गरेका थिए। साथै, पशु चिकित्सक इन्टर्न डा. नोंगकित लेप्चा र अदुप लेप्चाले समेत विषयगत जानकारी प्रस्तुत गर्दै विद्यार्थीहरुलाई पटेकाले जनावर र वातावरणमा पार्ने प्रत्यक्ष–अप्रत्यक्ष असरबारे सचेत गराएका थिए।

## खण्ड बिकास अधिकारीलाई स्वागत

दार्जिलिङ पुलबजार खण्डमा आएका नया खण्ड बिकास अधिकारी अबिषेक विस्वासलाई पन्चायत समितिका प्रमुखहरुको टोलीले सौहार्दपुर्ण भेटघाट गर्दै औपचारिक रूपमा स्वागत गरेका छन। खण्ड पन्चायत पंचायत समिति चियरमेन दिच्छेन बम्जनको नेतृत्वमा गएको टोलीले अधिकारीलाई उनैको कार्यलयमा पुगी खण्डको सर्वाङिन विकासमा आफुहरु प्रशासनीक अधिकारीसग सदैव सहयोगी बन्दै काम गर्ने प्रतिबद्धता जनाउदै आफुहरुबाट हुनसक्ने सहयोग गर्ने भरोसा दिलाएका छन।

## डन बस्को मिरिक

डन बस्को हाई स्कुल मिरिकमा एक भव्य कार्यक्रमबीच डा.रेभरेन फादर म्याथु पुलिङगाथहिल एसडीबीको जन्मोत्सवसँगै विद्यालयमा अध्यानरत पूर्व विद्यार्थीहरू जसले नीट अनि जीईई विधाको परीक्षा उतीर्ण भएकाहरूलाई सम्मान जनाइयो। शिक्षक मृणाल राईले सञ्चालन गरेको कार्यक्रममा अथितिहरूलाई स्वागत जनाएपछि शुरु भएको औपचारिक कार्यक्रममा इनफरमेशन टेक्नोलोजी इन्जिनियरिङमा जीईई मेन्स परीक्षा उतीर्ण तेन्जिङ ग्याल्पो तामाङ, नीट परीक्षा उतीर्ण गर्ने विद्यार्थीहरू एरोन तामाङ, कृतिषा तामाङ, योग्यश्री तामाङ, निकिशा सुब्बा, डब्ल्युबी जीईई परीक्षा उतीर्ण गर्न सक्षम विद्यार्थीहरू स्नोङछेन तामाङ, रेहान राई, शाहिल तोलाङगी, श्रद्धा लिम्बु, स्वर्णिम सुब्बा अनि आयुष तामाङलाई सम्मान जनाईयो।

## रिलिफ फण्ड

दशैं चाडपर्वलाई ध्यानमा राखेर जी टी ए ले पहाडका चार वटा फौलाई नपाएका चिया बगानका श्रमिकहरूले आज जिटिए रिलिफ फन्ड मार्फत केही रकम प्रदान गरेको छ। गत १८ सितम्बरको दिन जिटिए प्रमुख कार्यपाल अनित थापाको उपस्थितिमा विभिन्न श्रमिक संगठनका नेतृत्वहरूसँग एक बैठक सम्पन्न भएको थियो जसमा फौलाई नपाएका चिया बगानका श्रमिकहरूलाई जी टी ए रिलिफ फन्डबाट रकम दिने भएको थियो। यसै अनुरूप आज दार्जिलिङको भानुभवनमा जिटिए कार्यपाल प्रमुख अनित थापा, डेपुटी चेयरम्यान राजेश चौहान जी टी एका कार्यकारी सभासद सामदेन् डुक्पा लगायत विभिन्न चिया श्रमिक संगठनको बैठक पश्चात पछि उक्त फन्ड वितरण गरेको जानकारी प्राप्त भएको छ। जस अन्तर्गत आज विगत बर्ष 2024 को अगष्ट महिना देखि बन्द रहेको पेशोक चियाबारीका चियाश्रमिक एवं कर्मचारीहरुलाई सहयोग स्वरुप समान राशी प्रतिव्यक्ति रु० 2500/- गरेर प्रदान गरियो। पेशोक चियाबारीको कार्यलयमा उक्त वितरण गरियो। सहयोग राशी वितरण बारे हिल तराई डुअर्स प्लान्टेसन वर्कर्स युनियनका खरसाङ महकुमाका सभापति सागर गुरुङले बन्द रहेका चियाबगानहरुमा सरकारको तरफ बाट फौलाईको पहल अहिले सम्म नभएको बताउनु भयो।

## आगलागी

खरसाङको गौरी शंकर चियाबारी अन्तर्गत डाँडा गाउँमा आगलागीम एक घर जलेर नष्ट भएको जानकारी प्राप्त भएको छ। उक्त घर स्थानीय गणेश छेत्रीको रहेको र आगलागी भएर उनको घर सबै जलेर खरानी बनेको बताइएको छ। उक्त आगलागीको घटना आज दिउँसो समयमा भएको बताइएको

छ। प्राप्त जानकारी अनुसार सर्ट सर्किट भएर लागेको आगोले घर पूर्ण रूपमा ध्वस्त भएको छ। यस दुःखद घटनामा घरमा रहेको सबै सम्पत्ति, गरगहना र कागजातहरू जलेर नष्ट भएको जानकारी प्राप्त भएको छ। उक्त आगलागीको घटना सुन्नासाथ खरसाङ अग्निशमन केन्द्रबाट दमकलको गाडी समयमै पुगे पनि बाटो नभएको कारणले घरसम्म पुग्न नसकेको तर अग्निशमन केन्द्रको कर्मचारी र स्थानीय गाउँलेहरूको प्रयासले आगो नियन्त्रणमा आएको बताइएको छ। यस आगलागीमा गणेश छेत्रीको घरभित्र रहेको कुनै पनि सामान निकाल्न नपाएको बताइएको छ।

*********